# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शिवसताक्षी नगरपालिका

झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शिवसताक्षी नगरपालिका

### झापा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शिवसताक्षी नगरपालिका

झापा


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, बर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय**
**कोशी प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ४४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
शिवसताक्षी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
झापा ।

**कैफियतसहितको राय**

हामीले शिवसताक्षी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ५ करोड ८८ लाख ५६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बेरुजु बाँकी रहेकोमा असुल गर्नुपर्ने रू ६६ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २ करोड ७५ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु २ करोड ३४ लाख ७३ हजार र पेश्की रू ११ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १४ करोड ७५ लाख ८३ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु २० करोड ६४ लाख ३९ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,

लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

शिवसताक्षी नगरपालिका झापा

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | १३५ | ५८८५६ | ० | ० | ० | ४० | १३५ | ५८८५६ | ६६८४ | २३४७३ | २७५९९ | ० | ० | ५१०७२ | ११०० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिकृया प्राप्त नभएको | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शिवसताक्षी नगरपालिका झापा | १४७५८३ | ० | ० | १४७५८३ | ० | ५८८५६ | २०६४३९ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : शिवसताक्षी नगरपालिका, झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामकृष्ण श्रेष्ठ | २०७८-९-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रकाश योङहाङ | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५८,८५५,९८०.५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १६,३०,६६,२९२.७४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६४,२३,३३,००० | **चालु खर्च** | ४७,०६,९४,५०८.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०१,७५,००० | **पूँजीगत खर्च** | ३१,९३,८५,९८८.६५ |
| **राजश्व बाँडफाँट** | १,१७,४३,३२९.२१ | **वित्तीय/अन्य व्यवस्था** | ४२,५१,३९,१२०.४१ |
| **आन्तरिक आय** | ५,९३,१३,२८५.८७ | | |
| **अन्य आय** | ५३,०५,२५,४२८.५४ | | |
| **कुल आय** | १,२८,४०,९०,०४३.६२ | **कुल खर्च** | १,२१,५२,१९,६१७.४६ |
| **बाँकी मौज्दात** | | २३,१९,३६,७१८.९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु शिवसताक्षी नगरपालिकाको उद्देश्य रहेको छ । शिवसताक्षी नगरपालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, १४५.४८ वर्ग किलोमिटर क्षेत्रफल तथा ६४ हजार ५९६ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **प्राप्ति तथा भुक्तानी हिसाब** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम शिवसताक्षी नगरपालिका, झापाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९ मा प्राप्ती र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८९१६१७६३५.७ | ८६९०७४६०८.२१ | | ८६९०७४६०८.२१ | ८२५२९८९४७.६९ | २५९०००. | ८२५५५७९४७.६९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८६५०६७८००. | ८५७११०७४१.२१ | ० | ८५७११०७४१.२१ | ७९२६८६४८८.९६ | २५९०००. | ७९२९४५४८८.९६ |
| ११००० कर | ११ | १६०४७४८००. | १७९३१४७५१.५९ | ० | १७९३१४७५१.५९ | १५५३३२६५७.०५ | ० | १५५३३२६५७.०५ |
| १३००० अनुदान | | ६८२७०८०००. | ६१५४४३५३३.८५ | ० | ६१५४४३५३३.८५ | ६२४५०३१०१. | २५९०००. | ६२४७६२१०१. |
| संघीय सरकार | १२ | ६४२५३३०००. | ५७९०३८३४८.८५ | ० | ५७९०३८३४८.८५ | ५८६२२९८७३. | २५९०००. | ५८६४८८८७३. |
| प्रदेश सरकार | १२ | ४०१७५०००. | ३६४०५१८५. | ० | ३६४०५१८५. | १७७९१०००. | ० | १७७९१०००. |
| जनसहभागिता | | ० | ० | ० | ० | २०४८२२२८. | ० | २०४८२२२८. |
| १४००० अन्य राजस्व | | २१८८५०००. | ६२३५२४५५.७७ | ० | ६२३५२४५५.७७ | १२८५०७३०.९१ | ० | १२८५०७३०.९१ |
| ख. अन्य प्राप्ति | | २६५४९८३५.७ | ११९६३८६७. | | ११९६३८६७. | ३२६१२४५८.७३ | | ३२६१२४५८.७३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | १३७००६७७.१३ | ० | १३७००६७७.१३ |
| कोषहरु | | २६५४९८३५.७ | ११८३८६६. | ० | ११८३८६६. | ८८२१६०१.६ | ० | ८८२१६०१.६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | १०७८०००१. | ० | १०७८०००१. | १००९०१८०. | ० | १००९०१८०. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १०१३९७८२०३.७ | ८०९४९३६६७.०५ | | ८०९४९३६६७.०५ | ७२९३४८७५४. | २५९०००. | ७२९६०७७५४. |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९८७४२८३६८. | ७९००८०४९७.०५ | | ७९००८०४९७.०५ | ७०३४७४४५७.५४ | २५९०००. | ७०३७३३४५७.५४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३०३०१०२००. | २५७५२०८६२.२४ | ० | २५७५२०८६२.२४ | २७९०६८५२९.२३ | ० | २७९०६८५२९.२३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११६१८७६००. | ८३७०४१०६. | ० | ८३७०४१०६. | ६९३०६९१६.३६ | ० | ६९३०६९१६.३६ |
| २५००० सहायता (Subsidy) | १८ | १०१४६२०००. | ९५११७१२८.१६ | ० | ९५११७१२८.१६ | ३९६२७७०१.१३ | ० | ३९६२७७०१.१३ |
| २६००० अनुदान | १८ | ८००००००. | ७५६५४२७. | ० | ७५६५४२७. | ६७२८४३१. | ० | ६७२८४३१. |
| २७००० सामाजिक सुरक्षा | १८ | २७३२३०००. | २५६०७८१९. | ० | २५६०७८१९. | २०३३५९२१. | २५९०००. | २०५९४९२१. |
| २८००० अन्य खर्च | १८ | २७०००००. | ११७९१६६. | ० | ११७९१६६. | ५९१८२१७.८७ | ० | ५९१८२१७.८७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४२८७४५५६८. | ३१९३८५९८८.६५ | ० | ३१९३८५९८८.६५ | २८२४८८७४०.९५ | ० | २८२४८८७४०.९५ |
| घ. अन्य भूक्तानी | | २६५४९८३५.७ | १९४१३१७०. | | १९४१३१७०. | ७२९३४८७५४. | २५९०००. | ७२९६०७७५४. |
| कोषहरु | | २६५४९८३५.७ | ८७८१७९५. | ० | ८७८१७९५. | १९६९०६१५.५ | ० | १९६९०६१५.५ |
| धरौटी | | ० | १०६३१३७५. | ० | १०६३१३७५. | ६१८३६८०.९६ | ० | ६१८३६८०.९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -१२२३६०५६८. | ५९५८०९४१.१६ | | ५९५८०९४१.१६ | ९५९५०१९३.६९ | | ९५९५०१९३.६९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १७३८६४४११.७४ | | १७३८६४४११.७४ | ३४५६०२४१.९६ | | ३४५६०२४१.९६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -१२२३६०५६८. | २३३४४५३५२.९ | | २३३४४५३५२.९ | १३०५१०४३५.६५ | | १३०५१०४३५.६५ |
| बैंक तथा नगद बाकी | २४ | | २३२३८६४८६.९ | | २३२३८६४८६.९ | ५८९४३७३७.३ | | ५८९४३७३७.३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण सम्बन्धि** | |
| ४.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको अभिलेख राख्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर सामाजिक सुरक्षा तथा संरक्षणको रु. २७९३८३९७५ . एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु ५०७४४२५१ ,स्वच्छ वातावरण कार्यक्रम रु ११५९८२६ गरीबसंग बिश्वेश्वर कार्यक्रम रु ४६४००० गरी जम्मा रु ३३१७५२०५३ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | |
| ४.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु यस वर्षको १०७९८११९.प्राप्ति रु. ४५१८९९१६९.४१ यस वर्षको भुक्तानी रु४४२६०९६८४.४१ र बैङ्क मौज्दात रु १५०८६३४. फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th><th></th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१७३८६४४११।७४</td><td>८६९०७४६०८।२१</td><td>८०९४९३६६७।०५</td><td>२३३४४५३५२।९०</td><td></td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>१६३०६६२९२।७४</td><td>१३२०९७३७७७।६२</td><td>१२५२१०३३५१।४६</td><td>२३१९३६७१८।९०</td><td></td></tr>
<tr><td>फरक</td><td>१०७९८११९.</td><td>४५१८९९१६९.४१</td><td>४४२६०९६८४.४१</td><td>१५०८६३४.</td><td></td></tr>
</table>
साथै सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको मौज्दात रु २३३४४५३५२।९० र अनुसुची २४ को २३२३८८६४८६।९० को फरक सम्बन्धमा एकिन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>बैक हिसाब मिलान- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टि गर्ने बैक हिसाब मिलान विवरण (म.ले.प.फा.न. २१२ ) फरक देखिएन । पालिकाको देहाय बमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु २३२३८८६४८६।९० देखिएकोमा सो अवधिमा बैक अनुसार २६०००००२८४ बैक मौज्दात देखिएकोले बढी देखिएको मौज्दात रु २७६१३७९७।१० एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खाताको नाम</td><td>श्रेस्ता अनुसारबाँकी</td><td>बैंक स्टेटमेण्टअनुसार बाँकी</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>४८०७८७७</td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>०</td><td>२६१६८३५८।००</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता</td><td>२२३६१३२४।५०</td><td>२१८७३८८६।५०</td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>१९२५९९०३१।७०</td><td>१८९५९९०३१।७०</td></tr>
<tr><td>विविध कोष खाता</td><td>१३२८४५८९।१०</td><td>१३२८४५८९।१०</td></tr>
<tr><td>विभाज्यकोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>आकस्मिक कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>३०८२६७५।६०</td><td>३०८२६७५।६०</td></tr>
<tr><td>राजश्व बाँडफाँड खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>अनुदान खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>१०५८८६६</td><td>११८३८६६</td></tr>
<tr><td>जम्मा</td><td>२३२३८६४८६।९०</td><td>२६००००२८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **समानीकरण अनुदान रकमको उपयोग-** राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ । आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ । | |

| खर्च शीर्षक | खर्च रकम |
|---|---|
| कर्मचारी पारिश्रमिक | ४९३३० |
| बैठक भत्ता | ४६६००० |
| कर्मचारी प्रोत्साहन पुरस्कार | १०५२३५० |
| पदाधिकारी बैठक भत्ता | ९९००० |
| मर्मत तथा सञ्चालन | २००००० |
| अनुगमन तथा मूल्याङकन | ७९९२९४ |
| विवध खर्च | २००००० |
| शैक्षिक संस्थाहरुलाई सहायता | १३५३२४४३।२७ |
| मसलन्द तथा कार्यलय सामग्री खर्च | ५८६३८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **प्रशासनिक खर्च-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी राजश्व बाडफाँड रकमबाट बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ । पालिकाले आफ्नो आन्तरिक आय रु.६९४८५४८१।३९ र राजश्व बाँडफाँडबाट रु.१७२१८१७२५।९७ गरी रु.२४१६६७२०७ प्राप्त गरेको देखिएकोमा पालिकाको प्रशासनिक खर्च वापत रु.११४६८९९८४ (६६.६० प्रतिशत) भएको देखिएको छ । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन वमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट मितव्यीतापुर्वक गरिनुपर्दछ । | |
| ५.३ | | | **निकासा फिर्ता गर्न बाँकी-** विनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को विनियोजन ऐन, २०७८ को दफा ४(१३) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । पालिकाको प्राप्ती तथा भुक्तानी हिसाब बमोजिम सशर्त, समपुरक र विशेष अनुदानको रकम रु.१०९७२३५३ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देखिएको छ । ऐन अनुसार संघीय सञ्चित कोषमा रु. १०४५२५००।०० र प्रदेश सञ्चित कोषमा रु. ५१९८५३।०० गरी रु.१०९७२३५३ सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | १०,९७२,३५३ |

| अनुदान प्रदानगर्ने निकाय | अनुदानको प्रकार | बाँकी रकम |
|---|---|---|
| संघीय सरकार | विशेष | १०४५२५००।०० |
| प्रदेश सरकार | सशर्त | ५१९८५३।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>१०९७२३५३</td></tr></table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी आषाढ १० भित्र सभामा पेस गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम तथा बजेट मिति २०७८। ३।१० मा रु ८५ करोड ९० लाख ८३ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।१७ मा पारित भएको देखिएको छ। यसैगरी प्रमुखले मिति २०७८।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>अबण्डा बजेट — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु६ करोड ८० लाख अबण्डा बजेट व्यवस्था गरी बिभिन्न योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।<br><table><tr><th>बजेट शिर्षक</th><th>विनियोजन रकम</th></tr><tr><td>लागत सहभागिता कार्यक्रम</td><td>२००००००</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>अधुरो योजना सम्पन्न</td><td>४००००००</td></tr><tr><td>मर्मत सभ्भार कोष</td><td>१०००००००</td></tr><tr><td>नगर समपुरक कोष</td><td>३४००००००</td></tr><tr><td>जम्मा</td><td>६८००००००</td></tr></table> | |
| ६.३ | | | **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो वातावरणीय संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार कुल कार्यक्रम तथा योजना मध्ये २९६ योजनाको निर्माण कार्यमा देहाय बमोजिम बजेट खर्च गरेको छ।<br><table><tr><td>क्र. सं.</td><td>विवरण</td><td>योजना संख्या</td><td>खर्च रकम</td></tr><tr><td>१</td><td>५ लाख भन्दा कमका योजना</td><td>४१७</td><td>८३२३८४७१</td></tr><tr><td>३</td><td>५ लाख देखि २० लाख सम्मका योजना</td><td>७६</td><td>६८७०५१३९१</td></tr><tr><td>४</td><td>२० लाख माथिका योजना</td><td>१७</td><td>१००८२२०१३</td></tr><tr><td></td><td>जम्मा</td><td>५१०</td><td>२५२७६५६१५</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेखित योजनाका कार्यहरु गराउदा लाभग्राही समुदायबाट रु.१७९६५५३३४ र सिधै तथा बोलपत्र विधिबाट रु.८२११०२८१ गरी जम्मा रु.२५२७६५६१५ खर्च भएको छ । साथै पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पूँजिगत तर्फका पारित गरेका योजना मध्ये २९६ कार्यक्रम तथा योजना कार्यान्वयनमा गई १२ योजना तथा कार्यक्रम कार्यान्वयनमा गएका छैनन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ६.४ | | | **योजना तथा बजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः<br><br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पूँजीगतबजेट रु.४२ करोड. ८७ लाख ४६ हजार भएकोमा प्रथम चौमासिकमा रु ६२ लाख ३२ हजार दोश्रो चौमासिकमा रु. ९ करोड ६३ लाख ३३ हजार तेस्रो चौमासिकमा रु.२१ करोड ६८ लाख २१ हजार , र असार महिनामा मात्रै रु.१० करोड. ४५ लाख २० हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२४ करोड ४२ लाख ८८ हजारको खरिद कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा ३ अनुसार तोकीएको सिमा भन्दा भन्दा वढी वजेट थपघट नगरसभाको निर्णयबाट रु. ५ करोड २३ लाख ४६ | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हजार रकमान्तर गरेको छ। उक्त रकम बजेटको उल्लेखित वजेटको रु ३० करोड ४७ लाख २० हजार को तुलनामा १७।१७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउनेतर्फ ध्यान पर्दछ । | |
| ६.५ | | | **भुक्तानी दिन बाँकी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको विवरण बेगर पालिका ले गतवर्षको दायित्व अन्तर्गत रू ४ करोड ९० लाख ४ हजार खर्च गरेको छ । चालु वर्षको कार्यक्रमलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने र पछिल्ला वर्ष भुक्तानी गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।<br>त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, महङ्गी र स्थानीय भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, खाद्यान्न, औषधी उपचार , बिरामी र बन्दीको सिदा.सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाले योजना सम्पन्न हुन नसेकका योजना, मर्मत, निर्माण कार्यमा कूल रु ५ करोड ५० लाख अर्को वर्ष दायित्व सारेको देखियो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>**आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन<br>• सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।<br>• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन<br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन। तसर्थः पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ८.१ | | | **कर्मचारी व्यवस्थापन -** पालिकाको कार्य सञ्चालनभित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने, विषयगत क्षेत्र तोकिएको छ । सो कार्य सम्पादन गर्न पालिकाले कुल २२२ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७९।०३।३१ सम्म ७४ कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भई १४८ पद रिक्त रहेको छ । उक्त रिक्त पदमा पदपुर्तिको लागी प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम पठाएको देखिएन । ओएनएमबाट थप दरबन्दी स्वीकृत गर्ने स्रोत एकिन नगरेकोले स्रोत एकिन गरेर मात्र दरबन्दी स्वीकृत गर्नुपर्दछ । | |
| ८.२ | | | **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. २८९५३७६५ र पालिकाका चालुतर्फ रु. ३६२२३००४ गरी रु. ६५१७६७६९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न ८३ जना कर्मचारी बिगतदेखि करारमा राखी करार सेवा शुल्कमा रू. २० लाख ५० हजार ६८३ स्वास्थ्यका कर्मचारी समेत खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले करारमा राख्न नपाउने १२ पदमा करारमा नियुक्ति भएका कर्मचारीलाइ रू. ४५४४८४८ पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | ४,५४४,८४८ |
| ८.४ | | | **प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले कानून निर्माण गरी प्रोत्साहन कार्यबिधि बमोजिम कामको बिबरण, हाजिरी रेकर्ड तयार नगरी समेत कार्यविधिले तोकेका अन्य प्रकृया पुरा नगरी नभइ यो वर्ष रु ४४८३७५६ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले यस्तो खर्च कानूनले तोके बमोजिम मात्र प्रकृया पुरा नगरी भुक्तानी दिइएको देखिएकोले अनियमित देखिएको रु | ४,४८३,७५६ |
| ८.५ | | | **अवकाश कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानुन बमोजिम अवकाश हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतभरण, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन लागी एक अवकाश कोष स्थापना गरीने र सो कोषमा स्थानिय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रू. २० लाख ट्रान्सफर गरेका छ। स्थानिय तहले आफ्नो दरबन्दीमा कार्यरत कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबर रकम थप गरी रकम नपठाएको र कोष सञ्चालन सम्बन्धी कानून को समेत व्यवस्था भएको नदेखिएकोले कानूनको व्यवस्था नगरी अनुदानबाट कोषमा एकमुष्ट रकम ट्रान्सफर गर्न मिल्ने देखिएन ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>सम्पत्ति तथा जग्गाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस पालिकामा रहेका सम्पत्तिहरूमध्ये केहि सम्पतिको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भवन तथा सवारीको परिमाण</th><th>मूल्य रकम</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>घर जग्गा</td><td>६ विगाहा १५ कट्टा १३ धुर</td><td></td><td></td><td></td></tr>
<tr><td>कार/ जिप/भ्यान</td><td></td><td>५</td><td></td><td></td></tr>
<tr><td>मोटरसाईकल/ स्कुटर</td><td></td><td>२५</td><td></td><td></td></tr>
</table>
<ul><li>सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागी जग्गा आवश्यक भई</li></ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृत लिएको देखिएन ।<br>• पालिकाले सार्वजनिक सम्पत्तिको व्यवस्थापन प्रणालि PAMS बाट सम्पत्ति तथा जिन्सीको अभिलेखमा विगत वर्षको जिन्सी किताब, जिन्सी सफ्टवेयरमा रहेका समानको PAMS मा अभिलेख राखेको देखिएन।<br>• पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी ब्याकहो लोडर, रोलर,टिपर लोबेड, एम्बुलेन्स इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको खर्च रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ । | |
<tr><td></td><td>४४०।२०७९।१।२२</td><td>वोलोचोक देखि अधिकारीको घरसम्म वाटो मर्मत उ स</td><td>सडक ग्राभेल</td><td>४९७४३०</td><td>भिमेश्वर कन्ट्क्सन प्रा लि</td><td>४९५६९७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०२०३६८</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td>८२</td><td>२०७९-३-६</td><td>अनुगमन भत्ता</td><td>२६८,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रदेश नं. १ को गाउँ तथा नगर सभाको सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ अनुसूचि १ (क) मा पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता उपलब्ध गराउन सकिने व्यवस्था अन्तर्गत मासिक रुपमा अनुगमन सुविधा उपलब्ध गराउदै आएकोमा निम्न बमोजिम योजनाको अनुगमन बापत भत्ता भुक्तानी भनी पदाधिकारीलाई दोहोरो हुनेगरी अनुगमन सुविधा भुक्तानी गरेको र कर्मचारीहरुलाई अनुगमन भत्ता दिने व्यवस्था नहुदा समेत योजना अनुगमन भत्ता भुक्तानी दिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>गो.भौ.न./ मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>८२।०७९।३।६</td><td>योजना अनुगमन बापत पदाधिकारी तथा कर्मचारी</td><td>२६८५००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>वितरणमुखी खर्च<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शिर्षकबाट वितरणमुखी खर्च गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।पालिकालाई बढि व्ययभार हुने वितरणमुखी खर्चलाई भने नियन्त्रण गर्नुपदर्छ ।
<table>
<tr><th>गो.भौ.नं</th><th>विवरण</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८९।२०७८।८।३</td><td>अपाङ्गता भएको व्यक्तिहरुलाई व्लाङ्केट वितरण</td><td>२५०००</td></tr>
<tr><td>३२९।२०७८।९।१४</td><td>न्यानोकपडा सुइटर वितरण</td><td>३३०००</td></tr>
<tr><td>५१३।२०७८।११।१८</td><td>जेष्ठनागरिकलाई टोपि वितरण</td><td>१०००००</td></tr>
<tr><td>५४७।२०७८।११।२२</td><td>जेष्ठनागरिकलाई सिरक वितरण</td><td>५०००००</td></tr>
<tr><td>५५८।२०७८।११।२५</td><td>जेष्ठनागरिक ज्याकेट/स्वीटर कपडा वितरण</td><td>१०००००</td></tr>
<tr><td>६५२।२०७८।१२।३</td><td>साडि चोलो वितरण</td><td>५००००</td></tr>
<tr><td>६९२।२०७८।१२।९</td><td>जेष्ठ नागरिकलाई कपडा वितरण</td><td>५००००</td></tr>
<tr><td>७६६।२०७८।१२।२४</td><td>तिर्थयात्रिलाई नगद वितरण</td><td>५००००</td></tr>
<tr><td>७७४।२०७८।१२।२५</td><td>जेष्ठनागरिकलाई स्वीटर वितरण</td><td>५००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| ११७५।२०७९।३।२३ | जेष्ठ नागरिक झुल वितरण | ८९४७५ |
| जम्मा | | १०४७४७५ |

</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**अनुगमन प्रतिवेदन**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(ख) मा नगरपालिका छ पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गरे पछि मात्र प्रमुखले रु.११०००, उपप्रमुखले रु.११०००, वडाध्यक्षले रु.४५०० र कार्यापालिका सदस्यले रु.२००० का दरले मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीलाई ऐनमा व्यवस्था भए बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन वापत मासिक रुपमा एकमुष्ट भत्ता भुक्तानी गरेको छ ।ऐन बमोजिम अनुगमन प्रतिवेदन पेश विना भुक्तानी भएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| पद | पदाधिकारीको संख्या | अनुगमन भत्ता मासिक दर | महिना | जम्मा अनुगमनभत्ता |
|---|---|---|---|---|
| प्रमुख | १ | ११००० | श्रावण-असार सम्म | १३२००० |
| उपप्रमुख | १ | ११००० | श्रावण-असार सम्म | १३२००० |
| वडाध्यक्ष | ११ | ४५०० | श्रावण-असार सम्म | ४९५०० |
| कार्यापालिका सदस्य | ८ | २००० | श्रावण-असार सम्म | १६००० |
| **जम्मा** | | | | **३२९५००** |

</td><td>३२९,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>निजी सचिव<br><br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (१) मा नगरपालिकाको प्रमुख/उपप्रमुखले राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ ।पालिकाले दुइजना निजी सचिव तथा एक जना न्यायीक समिति सहयोग चौथोमा नियुक्ति गरी यो वर्ष रु ६११९४० भुक्तानी गरेको पाइयो । नगरपालिकाले कानून बमोजिम एक जना सम्म निजी सचिव राख्न सक्ने व्यवस्था भएकोमा ३ जनालाई कर्मचारी नियुक्ती गरी बढी खर्च गरेकोले अनियमित रु</td><td>६११,९४०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>थप सुविधा<br><br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७(प्रथम संसोधन) को दफा ३ अनुसूचि-१ (ख) मा नगरपालिकाका पदाधिकारीहरुले अनुसूचिमा उल्लेख भए बमोजिमको सुविधा पाउने व्यवस्था छ ।नगरपालिकाले सचिवालय खर्च भनि नगर प्रमुखलाई रु १५००० र उपप्रमुखलाई रु १०००० मासिक भुक्तानी गर्ने गरेको छ ।कानूनमा व्यवस्था भएको बमोजिम बाहेक नगरप्रमुख तथा उपप्रमुखलाई भुक्तानी गरेको रकम असुल उपर गर्नुपर्ने रु<br><table><tr><td>पदाधिकारी नाम</td><td>मासिक दर</td><td>जम्मा महिना</td><td>करकट्टिपछिको रकम</td></tr><tr><td>नगर प्रमुख चन्द्र कुमार शेर्मा</td><td>१५०००</td><td>८</td><td>११८२००</td></tr><tr><td>नगर उपप्रमुख भोजकुमारी नेपाल</td><td>१००००</td><td>८</td><td>७८८००</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>१९७०००</td></tr></table></td><td>१९७,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>संचयकोष थप</td><td>१,२२१,८७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धि कानून नवनाई करार कर्मचारीको मासिक तलबबाट आधार भूत तलबमानको १० प्रतिशत बराबरको रकम मासिक कट्टि गरी सोहि बराबरको रकम थप गरी कर्मचारी संचयकोष जम्मा गरिने व्यवस्था गरेको पाइयो । यो बर्ष करार तर्फको ८२ जना कर्मचारीको लागि संचयकोष थप वापत रु १२२१८७० खर्च गरेको छ । कानून निर्माण नगरी थप व्ययभार पारेको रु | |
| ३५ | | | **इन्धन खर्च**<br><br>सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी पदाधिकारी इन्धन तर्फ रु. १०००००० र कार्यलय प्रयोजन इन्धन शिर्षकबाट यस वर्ष रु. ४०००००० खर्च गरेको छ ।कार्यालयले इन्धन मापदण्ड तयार गरेको छैन । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फर्स्यौट गर्नुपर्दछ । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ३६ | | | **अध्ययन अवलोकन भ्रमण**<br><br>राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। देहाय बमोजिम पालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुका | १,२९२,६२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागि अध्ययन अवलोकन भ्रमण वापत रु १२९२६२५ भुक्तानी गरेको पाइयो ।मार्गदर्शन विपरित जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण गरेको खर्च नियमसम्मत नदेखिएको रु. | |

| क्र.सं. | गो.भौ.नं.।मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २६८।२०७८।९।१२ | जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | १००००० |
| २ | ५९५।२०७८।११।२९ | वडा नं.३ को जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | १००००० |
| ३ | ७२५।२०७८।१२।२० | वडा नं.२को जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | १००००० |
| ४ | ७७३।२०७८।१२।२५ | शिक्षा, यूवा तथा खेलकुद शाखाको शैक्षिक भ्रमण | १००००० |
| ५ | ९५४।२०७९।२।६ | वडा नं.१ को जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | १००००० |
| ६ | १०३६।२०७९।३।६ | वडा नं.८को जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | २००००० |
| ७ | १२०५।२०७९।३।२४ | नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी भ्रमण बापत | ३००००० |
| ८ | १२१२।२०७९।३।२४ | वडा नं.११को जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | २५०००० |
| ९ | १२८१।२०७९।३।२८ | वडा नं.९को जनप्रतिनिधि तथा कर्मचारीहरुको भ्रमण बापत | ४२६२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td>१२९२६२५</td></tr></table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>शुभकामना सन्देश तथा क्यालेण्डर छपाई<br><br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न साथै सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ ।पालिकाले देहाय बमोजिम शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न भुक्तानी गरेको पाइयो ।कानून विपरित गरिएको खर्च अनियमित भएको रु<br><br><table>
<tr><td>गो भौ नं./मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२९५।२०७८।१२।२९</td><td>भित्तेपात्रो छपाई वापत भुक्तानी</td><td>२५000</td></tr>
<tr><td>८५४।२०७९।१।८</td><td>सांकेतिक भित्तेपात्रो छपाई वापत भुक्तानी</td><td>६000</td></tr>
<tr><td>१२०१।२०७९।३।२४</td><td>चाडपर्व शुभकामना प्रकाशन वापत भुक्तानी</td><td>१४000</td></tr>
<tr><td>१२५४।२०७९।३।२५</td><td>नयाँ वर्ष शुभकामना प्रकाशन वापत भुक्तानी</td><td>५000</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५0000</td></tr>
</table></td><td>५0,000</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>विधुत महशुल<br><br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ (१)मा धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने व्यवस्था छ । पालिकाले</td><td>४६,२९२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देहाय बमोजिमका गोश्वारा भौचरबाट धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिरेको पाइयो । धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपरेकोले अनियमित देखिएको रु
<table>
<tr><th>क. सं.</th><th>गो भौ न/मिति</th><th>जरिवाना रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>४६।२०७८।६।२१</td><td>३७०००</td><td rowspan="5">विजुलिको महसुलमा जरिवाना</td></tr>
<tr><td>२</td><td>५५।२०७८।६।२२</td><td>६३७</td></tr>
<tr><td>३</td><td>३८९।२०७८।१०।४</td><td>२६८०</td></tr>
<tr><td>४</td><td>६७०।२०७८।१२।७</td><td>११६४</td></tr>
<tr><td>५</td><td>९९९।२०७९।२।२३</td><td>४८११</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६२९२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>छात्रवृत्ति<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायका विद्यालयमा अध्ययनरत विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गर्नका लागि रु रकम भुक्तानी गरेकोमा विद्यार्थीहरुले छात्रवृत्ति पाएको खुल्ने प्रमाण पेश गरेको पाइएन ।छात्रवृत्ति रकम निकासा भएको विद्यालयहरुले विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको प्रमाणित हुने कागजात पेश गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
</table></td><td>८८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०८।२०७८।७।८</td><td>नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान पोलिटेक्नक कलेज</td><td>पशु/कृषि प्राविधिक शिक्षा छात्रावृत्ती</td><td>४०००००</td></tr>
<tr><td>५१०।२०७८।११।१८</td><td>श्री गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक शिक्षालय</td><td>विपन्न तथा जेहनदार विद्यार्थिलाई प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति</td><td>४८००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>८८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पाठ्यपुस्तक अनुदान<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.४.६.१ मा कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिंदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिन सक्ने व्यवस्था रहेको र पाठ्यपुस्तक वितरणको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका ३५ विद्यालयहरुलाई ७५ प्रतिशत अनुदान निकासा गर्दा सत्यापन नगराई रु. ३८७७५६७ र बाँकी २५ प्रतिशत रु.१००५०१५ गरी जम्मा रु.४८८२५८२ दिएको पाइयो । विद्यालयले पाठ्यपुस्तक खरिद गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ साथै सो सम्बन्धी कार्यविधिबमोजिम पालिकाले अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता</td><td>८,७५९,५१५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी, बालविकास सहजकर्ताको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका मदरसा शिक्षक, कर्मचारी, बालविकासका सहजकर्तालाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट देहाय बमोजिम रु. ८५८९८३३ तलब भत्ता भुक्तानी गरेको छ । उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत शिक्षक, कर्मचारी, बालविकासका सहजकर्तालाई वित्तीय समानीकरणबाट दिन मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु.<br>
<table>
<tr><th>गोभौन र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>२८।०७८।६।१७</td><td>बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी लाई भुक्तानी दिन विद्यालयलाई निकासा</td><td>२६२६०००</td></tr>
<tr><td>२६३।०७८।९।१०</td><td>बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी लाई भुक्तानी दिन विद्यालयलाई निकासा</td><td>१९५३५५०</td></tr>
<tr><td>७४७।०७८।१२।२३</td><td>बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी लाई भुक्तानी दिन विद्यालयलाई निकासा</td><td>२११४४६५</td></tr>
<tr><td>१२३७।०७९।३।२५</td><td>बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी लाई भुक्तानी दिन विद्यालयलाई निकासा</td><td>२०६५५००</td></tr>
<tr><td></td><td></td><td>८७५९५१५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **दिवा खाजा**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयका बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले १८० दिनको दिवा खाजा अनुदान निकासा दिनुपर्ने तथा विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन अध्यक्षबाट प्रमाणित गराई संख्या एकीन भएपछि अनुदान रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले ३५ वटा विद्यालयलाई दिवा खाजा बापतको रकम निकासा गर्दा विद्यार्थी सङ्ख्या यकिन नगरी गोभौन ९६।२०७८।११।१५ मा श्रावणदेखि चैत्र सम्मको रु. १०५८७९२५ र २९६।०७९।३।२५ दोस्रो किस्तामा रु.१३२६७५४ गरी एकमुष्ट रु.११९१४६७९ निकासा गरेकोमा विद्यालयले विद्यालय संचालनमा रहेको दिनमा खाजा खुवाएको दिनको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि पेश गरेको पाइएन । कार्यान्वयन पुस्तिका बमोजिम दिवा खाजा खुवाएको प्रमाणित हाजिरि विवरण तथा दिवा खाजा खुवाएको प्रमाण पेश गर्नुपर्ने रु. | ११,९१४,६७९ |
| ४३ | | | **छात्रवृत्ति वितरण**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ मा आई.ई.एम.आई.एस.मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।१८२ र २९४।३।२५ मा पालिकाले आई.ई.एम.आई.एस.मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ३५ वटा विद्यालयमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगराई रु.१६१७२०० निकासा गरेको छ। आई.ई.एम.आई.एस.मा प्रवष्टि भएको संख्यालाई सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा देहायका विद्यालयको छात्रवृत्ति वितरण गरेको भरपाई परीक्षण गर्दा | ३९२,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | केहि विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पेश नगरेको साथै देहायको रकम वितरण नगरेको देखिएकोले सम्बन्धित विद्यालयबाट वितरणको भरपाई पेश गर्नुपर्ने र बढी भएको निकासा फिर्ता गर्नुपर्ने देखिएको रु. | |

| क्र.सं. | विद्यालयको नाम | निकासा | वितरण | निकासा फिर्ता |
|---|---|---|---|---|
| १ | लक्ष्मीनारायण मावि | ९५००० | ७६००० | १९००० |
| २ | मोती मावि | ९४००० | ८६००० | ८००० |
| ३ | हिमालय मावि | २२९०० | २०४०० | २५०० |
| ४ | भानु मावि | ६७१०० | ६५९०० | १२०० |
| ५ | शान्ति आवि | ४२००० | ४०००० | २००० |
| ६ | त्रिभुवन मावि | ५५२०० | वितरणको भरपाई पेश नभएको | ५५२०० |
| ७ | जनता प्रावि | १६२०० | १४४०० | १८०० |
| ८ | कन्काई प्रावि | १३९०० | ९६०० | ४३०० |
| ९ | बालकल्याण आवि | ३२९०० | २६८०० | ६१०० |
| १० | सुर्योदय आवि | ६९४०० | ५६८०० | १२६०० |
| ११ | सरस्वती प्रावि | १७१०० | १४१०० | ३००० |
| १२ | सामाजिक आदर्श प्रावि | २०५०० | १९२०० | १३०० |
| १३ | जनआदर्श मावि | ५७९०० | ५५९०० | २००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४ | गौरी शंङ्कर प्राबि | २३८०० | वितरणको भरपाई पेश नभएको | २३८०० |
| १५ | भानु माबि ७ | ९६५०० | वितरणको भरपाई पेश नभएको | ९६५०० |
| १६ | भगवती माबि | ७०७०० | ६७५०० | ३२०० |
| १७ | शुक्र माबि | ४२३०० | २१६०० | २०७०० |
| १८ | लालपानी माबि | १२७४०० | १२४००० | ३४०० |
| १९ | भगवती आबि | ३७२०० | २९२०० | ८००० |
| २० | अरुणोदय प्राबि | ३६८०० | २६८०० | १०००० |
| २१ | झिलझिले माबि | ६९८०० | वितरणको भरपाई पेश नभएको | ६९८०० |
| २२ | सतासी प्राबि | ६५०० | वितरणको भरपाई पेश नभएको | ६५०० |
| २३ | दिपेन्द्र आबि | २१६०० | २०८०० | ८०० |
| २४ | राष्ट्रियरमणीय आदर्श माबि | १२६४०० | ११३२०० | १३२०० |
| २५ | शहिद भिमनारायण आबि | ३२००० | २४८०० | ७२०० |
| २६ | मैनाचरी प्राबि | १०४०० | वितरणको भरपाई पेश नभएको | १०४०० |
| | जम्मा | | | ३९२५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **सेनिटरी प्याड**<br><br>सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था छ।त्यसैगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा गाउँपालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी कक्षा ६-१२ सम्मका छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने उल्लेख छ । पालिकाले गोभौन ३०६।२०७९।३।२५ मा जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि. बाट २९५३० थान सेनिटरी प्याड रु.२४६५६२८ (मु.अ.कर समेत) मा खरिद गरेकोमा २७४९९ थान वितरण गरी बाँकी २०३१ थान मौज्दान रहेको देखिन्छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई वितरण नगरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्ने र समयमै विद्यालयलाई वितरण गरी वितरणको भरपाई पेश गर्नुपर्दछ । | |
| ४५ | | | **गुणस्तर निरीक्षण परीक्षण**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा १ लाख भन्दा बढीको मालसामान खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेसन बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गो.भौ.नं. ३२६।०७९।३।२५ पालिकाले मंगलबारे स्वास्थ्य चौकीमा ल्याव स्थापना तथा संचालनका लागि सर्जिकल सामाग्री खरिद गरि दमक सर्जिकल सप्लायर्सलाई रु.१२५२१५३ भुक्तानि गरेकोमा उक्त सामाग्री खरिद गर्दा लागत अनुमान तयार नगरी शिलबन्दी दरभाउपत्र मार्फत खरिद गरेको पाइयो तथा खरिद भएको सर्जिकल | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाग्रीको प्राविधिक स्पेशिफिकेसनको जाँच गरेको पाइएन । खरिद भएको सामानको गुणस्तर निरीक्षण परीक्षण प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ४६ | | | **समायोजन ग्रेड**<br><br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भइ गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानूनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका देहायका कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि खाईपाई आएको ग्रेड सहित समायोजन ग्रेड (संचयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रु. | २०३,११२ |

| क्र.सं. | कर्मचारीको नाम | भुक्तानी भएको समायोजन ग्रेड | ग्रेड दर | १३ महिनाको असूल गर्नुपर्ने १० प्रतिशत कं.सं कोषसहित रु |
|---|---|---|---|---|
| १ | हेअ छैटौ संजय ठकुरी | २ | १२६७ | ३५९८२ |
| २ | हेअ छैटौ धनकुमार विश्वकर्मा | २ | १२६७ | ३५९८२ |
| ३ | हेअ शिवलाल राजवंशी | २ | १२६७ | ३५९८२ |
| ४ | जस्वानि छैटौ रेशिका श्रेष्ठ | २ | १२६७ | ३५९८२ |
| ५ | कनि छैटौ राजेन्द्र पोखरेल | २ | १२६७ | १३४७२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>हेअ छैटौ तारा प्रसाद उप्रेती</td><td>२</td><td>१२६७</td><td>१२५४३</td></tr>
<tr><td>७</td><td>अहे छैटौ अम्बिका खुलाल मगर</td><td>२</td><td>१२६७</td><td>१२५४३</td></tr>
<tr><td>८</td><td>जस्वानि छैटौ जितेन्द्र राजवंशी</td><td>२</td><td>१२६७</td><td>१०३१३</td></tr>
<tr><td>९</td><td>जस्वानि पदम प्रसाद रिजाल</td><td>२</td><td>१२६७</td><td>१०३१३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०३११२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
औषधी खरिद<br><br>
पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न स्वास्थ्य संस्थाहरुको लागि औषधि तथा उपकरण खरिद गरी रु.४५३५५७९ खर्च गरेको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।
<table>
<tr><td>गो.भौ.नं र मिति</td><td>विवरण</td><td>फर्मको नाम</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१३३/०७८/१२/१३</td><td>१०५ प्रकारका औषधि खरिद</td><td>राम लक्ष्मण फार्मेसी</td><td>२५३५९४७</td><td></td></tr>
<tr><td>२४३/०७९/३/१८</td><td>२७ प्रकारका औषधी खरिद</td><td>राम लक्ष्मण फार्मेसी</td><td>१९९९३३२</td><td>सोझै खरिद</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४५३५५७९ | |
| ४८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत नदि तटबन्धन निर्माण, बाटो निर्माण तथा सरसफाईई जस्ता विभिन्न ३१ वटा योजना सञ्चालन गरी पालिकामा सूचीकृत बेरोजगार ३०८ जना मध्ये यस वर्ष १०८ जनालाई औसत दिनले ९६७४ दिन रोजगारी उपलव्ध गराई रु.५५२८२८० श्रमिक ज्यालामा खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । | |
| ४९ | | | **प्रविधि हस्तान्तरण**<br><br>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।गाभौन २४८।०७९।३।२० मा पालिकाले देहाय अनुसार प्रविधि हस्तान्तरण गर्दा रु.४६४००० मध्ये प्रविधि प्राप्त गर्ने उद्यमीबाट २० प्रतिशतले हुन आउने रकम स्थानीय सञ्चित कोषमा दाखिला गरेको देखिएन । निर्देशिका अनुसार पालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु. | ९२,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.सं. | हस्तान्तरण गरिएको प्रविधि | उद्यमीको संख्या | दर (प्रति इकाई) | कबोल अङ्क (प्रति इकाई) | २० प्रतिशतले हुन आउने रकम (प्रति व्यक्ति) | असुल गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | सिलाई मेसिन स्टेण्ड टेबल सहित ३३ थान | ३३ जना | १२५९७ | १३००० | २६०० | ८५८०० |
| २ | विउ बोका २ वटा | १ | ८५५० | १७५०० | ३५०० | ३५०० |
| ३ | विउ बोका १ वटा | १ | १७५०० | १७५०० | ३५०० | ३५०० |
| | | | | | जम्मा | ९२८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **कर कट्टी**<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर १२७०।२०७९।३।२८ बाट समाज सेवी क्लव, शिवसताक्षीलाई सहिद स्मारक सी डिभिजन लिग खेल्नलाई आर्थिक सहयोग रु ३००००० प्रदान गर्दा कर कट्टि नगरी भुक्तानी गरेको छ । उक्त भुक्तानीमा लाग्ने अग्रिम कर रु ४५०० कट्टि नभएकोले असुल गर्नुपर्ने रु | ४,५०० |
| ५१ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ५१.१ | | | **सामाजिक सुरक्षा भत्ता वितरण -**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार ७ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकम रु | १९०,९०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २८२२७९३८४ मध्ये बैङ्कले रु २८०३५०२२५ वितरण गरी निम्नानुसार रु १९०९०१ बैङ्कबाट फिर्ता गर्न बाँकि रहेको पाइयो। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु | |

| वडा | बैङ्क | निकासा | वितरण | बाकी | लगतकट्टा फिर्ता | चालु वर्षको जम्मा फिर्ता | चौथो किस्ता फिर्ता | फिर्ता बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| ७ | मेघाबैङ्क | ३०८४१४५७ | ३०७६२०९६ | ७९३६१ | १४०१४ | ९३३७४ | २५६४७ | |
| १र ८ | एन आइ सी एसिया | ६४८६६४५५ | ६४३६४७०५ | ५०१७५० | ७८९५ | ५०९६४५ | ९२४२०.९ | |
| २ | प्राइम कमर्सियल | २३५८०५९८ | २३४४१६७५ | १३८९२३ | ४०२० | १४२९४३ | ० | |
| ११ | सिभिल बैंक | ३४४११८०४ | ३३७६६६२८ | ६४५१७६ | ० | २६६०४७ | १८८२२८ | १९०९०१ |
| ३, ५र ६ | राष्ट्रिय वाणिज्य | ५७३९९४०९ | ५७०५५१२० | ३४४२८९ | २९०७८३ | ६३५०७२ | १३२१९६ | |
| ४ | एक्सेल डेभलभमेन्ट | २३५०५१६५ | २३४८५७७७ | १९३८८ | २८५१२ | ४७९०० | ३०६७ | |
| ९र १० | एन एम बि बैङ्क | ४७६७४४९६ | ४७४७४२२४ | २००२७२ | ४२३३६३ | ६२३६३५ | १३५२३३ | |
| जम्मा | | २८२२७९३८४ | २८०३५०२२५ | १९२९१५९ | ७६८५८७ | २३१८६१७ | ५७६७९२ | १९०९०१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा खर्च ( निकासा - चालुबर्षको जम्मा फिर्ता)</td><td>२७९९६०७६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>
दोहोरो- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । नमुना छनौटको आधारमा वडा नम्बर ८ र ११ को सामाजिक सुरक्षा भत्ता रकम वितरणको रिभर्स फिड परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी देहायअनुसार लाभग्राहिको नाम, बैंक खाता नम्बर, नागरिकता नम्बर दोहोरो भएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखियो । तसर्थ पालिकाले लाभग्राहीहरुको लगत अद्यावधिक गरी निम्नानुसार नाम, बैंक खाता नम्बर, नागरिकता नम्बर दोहोरो भएका व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए नभएको यकिन गरि दोहोरो भएमा असूल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>परिचयपत्र नं.</th><th>लाभग्राहिकोनाम</th><th>ना.प्र.नं.</th><th>वडा</th><th>बैङ्कखाता नं.</th><th>भुक्तानीर कम</th></tr>
<tr><td>१</td><td>2014021401152</td><td>Khimuna Maithak</td><td rowspan="2">852417232</td><td>८</td><td>1315751594857001</td><td>७९८०</td></tr>
<tr><td>२</td><td>2014032400144</td><td>Khimuna Maithak Limbu</td><td>८</td><td>D185031654352401</td><td>७९८०</td></tr>
<tr><td>३</td><td>2003030701769</td><td>Khadga Kumari Basnet</td><td>852416924</td><td>११</td><td>8100134772011</td><td>१२०००</td></tr>
</table>
</td><td>३४४,१८८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | 2010110600167 | Khadgakumari Basnet | | ११ | | १२००० |
| ५ | 2003081502934 | Mohan Prasad Oli | 85249190 | ११ | 8110411686018 | १२००० |
| ६ | 2004091501858 | Mohanbai Oli | 85249191 | ११ | | १२००० |
| ७ | 2003121001608 | Nar Maya Thapa | 04017026856 | ११ | 8110416473012 | १२००० |
| ८ | 2002071100873 | Nar Maya Thapa | 04332 । 47 | ११ | | १२००० |
| ९ | 2018081801086 | Bishnu Kumari Rai | 852419776 | ११ | 8110410640014 | ७९८० |
| १० | 2012081900592 | Kaladevi Adhikari | 432 | ११ | | ७९८० |
| ११ | 2012040104013 | Nara Maya Limbu | 212 | ११ | 8100134994014 | ७९८० |
| १२ | 2019021500234 | Narmaya Limbu | 5781432 | ११ | | ७९८० |
| १३ | 2012011100149 | Neptimaya Limbu | 85244160 | ११ | 8100142504018 | ७९८० |
| १४ | 2017040102396 | Neptimaya Rai | 85247684 | ११ | | ७९८० |
| १५ | 2010040105451 | Ranju Bishwakarma | 57812342 | ११ | 8110410926015 | ७९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | 2028101500345 | Bimala Raya | 85243777 | ११ | | ७९८० |
| १७ | 2037030501225 | Phul Maya Tamang | 091045215 | ११ | 8100134774014 | ७९८० |
| १८ | 2037030501282 | Ful Maya Tamang | | ११ | | ७९८० |
| १९ | 2026073000369 | Ganga Kumari Gurung | 10248911836 | ११ | 8110583506027 | ७९८० |
| २० | 2026072600581 | Ganga Kumari Gurung | | ११ | | ७९८० |
| २१ | 2044061502114 | Anil Mukhiya | 0430321186 | ११ | 8100134845019 | ११९७० |
| २२ | 1985040107998 | Anil Mukhiya | 85241142 | ११ | | ११९७१ |
| २३ | 2069021301984 | Shila Tamang | | ११ | 8100135013017 | ११९७२ |
| २४ | 2072021011603 | Sila Tamang | | ११ | | ११९७३ |
| २५ | 2069021301992 | Sila tamang | | ११ | | ११९७४ |
| २६ | 2027120800322 | Jagamaya Shiwakoti | 85243138 | ११ | 8100142301017 | ६३८४ |
| २७ | 2027120800473 | jag Maya Shiwakoti | | ११ | | ६३८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | 2038010103479 | Bal Krishna Adhikari | 0420462004 | ११ | 8100142278018 | ६३८४ |
| २९ | 2038010103495 | Bal Krisna Adhikari | | ११ | | ६३८४ |
| ३० | 2026012800583 | Kumari Rai | 04027200538 | ११ | 8110416156017 | ६३८४ |
| ३१ | 2026012800633 | Kumari Rai | | ११ | | ६३८४ |
| ३२ | 2065032700644 | Roj Misra | | ११ | 8100142550017 | ६३८४ |
| ३३ | 2065032700701 | Roj Misra | | ११ | | ६३८४ |
| ३४ | 2075101509373 | Bihan Ghatani | | ११ | 8100142270017 | १५९६ |
| ३५ | 2076051000089 | Bihan Ghatani | | ११ | | १५९६ |
| ३६ | 2076051304325 | Prashanta Tiruwa | | ११ | 8100142269019 | १५९६ |
| ३७ | 2076051304648 | Prashanta Tiruwa | | ११ | | १५९६ |
| ३८ | 2077060700727 | Rubina B. K. | | ११ | 8110479954018 | १५९६ |
| ३९ | 2077060705197 | Rubina BK | | ११ | | १५९६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४०</td><td>200507280035<br>9</td><td>Dil Bahadur Kuwar</td><td>015035।96</td><td>११</td><td rowspan="2">8110410949015</td><td>१२०००</td></tr>
<tr><td>४१</td><td>200409100163<br>6</td><td>Dil Maya Magar</td><td>53631507</td><td>११</td><td>१२०००</td></tr>
<tr><td>४२</td><td>200701011955<br>3</td><td>Karna Bahadur Shrestha</td><td>1138</td><td>११</td><td rowspan="2">8110410636017</td><td>७९८०</td></tr>
<tr><td>४३</td><td>202610200043<br>2</td><td>Chitra Pandey</td><td>4202730428<br>5</td><td>११</td><td>७९८०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td></td><td>३४४१८<br>८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१.३</td><td></td><td></td><td>फोटो सहितको मुल अभिलेख - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ३ बुँदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको नियमावलीको अनुसूची ३ बमोजिमको फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको मूल अभिलेख पुर्ण रुपमा राखेको पाइएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि बमोजिम फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी नराखिएकोले भत्ता पाउने लाभग्राही सहि हो भनी एकिन गर्न नसकिने भएकोले कार्यविधिको पालना गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।सो ब्यबस्था अन्तरगत पालिकाले यस वर्ष विगतको बेरुजु फर्छ्यौट गरी समपरिक्षणको लागि अनुरोध गरेको छैन । ऐनमा भएको व्यबस्था वमोजिम गत बिगतको बेरुजु फस्यौट गरी सम्परीषण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>